"ऐतिहासिक, धार्मिक र सांस्कृतिक धरोहर, प्रकृति र पर्यटनले सम्मुन्नत भीमेश्वर"

# भीमेश्वर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फोन नं. ०४९-४२११००
०४९-४२१४९१

चरिकोट, दोलखा
३ नं. प्रदेश, नेपाल

पत्र संख्याः- ०७४/७५

चलानी नं :- ४९४

मितिः- २०७४/०८/१४

विषय : सामाजिक सुरक्षा लाभग्राहीको नाम दर्ता र नविकरण सम्बन्धमा ।

श्री वडा कार्यालय सबै

भीमेश्वर नगरपालिका

प्रस्तुत विषयमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं ६ अनुसार नयाँ लाभग्राहीको नाम दर्ता गराउनु पर्ने र बुँदा ७ अनुसार हाल भत्ता पाइरहेका सबै लाभग्राहीहरुको आगामि वर्ष पनि सुविधा लिन चाहेमा नविकरण गर्नु पर्ने व्यवस्था भएको हुँदा सोही व्यहोराको सूचना भीमेश्वर नगरपालिकाबाट जारी भइ सकेको हुँदा सो सूचना अनुसार नाम दर्ता र नविकरण गरी यस कार्यालयमा मंसिर मसान्तभित्र पठाउनु हुन अनुरोध गरिन्छ । साथै सम्बन्धित वडा कार्यालयबाट सामाजिक सुरक्षा लाभग्राहीको विवरण अद्यावधिक रुपमा अनुसुची ५ को ढाँचामा मूल अभिलेख राख्न र सोही कार्यविधिको अनुसूची १० बमोजिम नविकरण भएका लाभग्राहीहरुको विवरण र नयाँ दर्ता भएका सामाजिक सुरक्षा लाभग्राहीहरुको विवरण यस कार्यालयमा मंसिर मसान्त भित्र पठाउन हुन समेत अनुरोध गरिन्छ । भीमेश्वर नगरपालिकाबाट जारी गरिएको सूचनाको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरिएको छ ।

०७५/०८/१४

रामकृष्ण उप्रेती

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

ईमेलः info@bhimeshwormun.gov.np, वेवसाइटः www.bhimeshwormun.gov.np, फ्याक्सः+977-049421100

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन सम्बन्धी भीमेश्वर नगरपालिकाको

अत्यन्त जरुरी सूचना

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको सुविधा उपभोग गर्न इच्छुक र योग्य नयाँ लाभग्राहीले अनिवार्य रुपमा भीमेश्वर नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा फाराम भरी नाम दर्ता गराउनु हुन र विगत वर्षहरुमा सामाजिक सुरक्षा भत्ता लिइरहनु भएका लाभग्राहीहरुंको विवरण अद्यावधिक समेत गर्नु पर्ने भएकोले नागरिकता प्रमाण पत्रको प्रतिलिपि र दुई प्रति फोटो सहित आगामि वर्ष पनि सुविधा लिन चाहेमा सम्बन्धित वडा कार्यालयमा नविकरणको लागि दरखास्त दिनु हुन सूचित गरिन्छ ।

२०७६ फागुन मसान्तसम्म उमेर पुग्ने जेष्ठ नागरिकले आगामि वर्ष उमेर पुग्ने मिति उल्लेख गरी २०७५ मंसिर मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा नाम दर्ता गर्न र अन्य सामाजिक सुरक्षा लाभग्राहीले आफ्नो प्रमाण पुगेको मितिबाट प्रमाण सहित सम्बन्धित वडा कार्यालयमा नाम दर्ता गराउनु हुन सुचित गरिन्छ । नयाँ नाम दर्ता गर्दा निम्नानुसारको कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

- सबै लाभग्राहीको हकमा दुई प्रति पासपोर्ट साइजको फोटो र नेपाली नागरिक्ताको प्रमाण पत्रको प्रतिलिपि ।
- बालबालिकाको हकमा जन्मदर्ताको प्रमाण पत्रको फोटोकपीका साथै आमा वा आमा नभए संरक्षकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र नजिकको स्वास्थ्य संस्थामा खोप लगाएको वा तौल जाँच गराएको प्रमाण ।
- एकल महिलाको हकमा अविवाहिताको प्रमाण तथा सम्बन्ध विच्छेद दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
- विधवाको हकमा पतिको मृत्यु दर्ताका प्रमाण पत्र ।
- अपाङ्गताको हकमा प्रचलित कानुन बमोजिम जारी भएको अपाङ्गता परिचय पत्रको प्रतिलिपि ।

०७५/६/१४

रामकृष्ण उप्रेती

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

भिमेश्वर नगरपालिका